नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :- २०७८/७९
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- २१२४

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति :.........२०७९/२/११

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री रुवीभ्याली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, धादिङ्ग।
श्री जुनिचाँदे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, जाजरकोट।
श्री साइपाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, बझाङ।

उपरोक्त सम्बन्धमा नेपाल सरकारले मिति २०७७/०७/२४ मा राजपत्रमा सूचना प्रकाशन गरी चार चरणमा मिति २०७७/८/१ देखि मिति २०७८/८/१ सम्ममा सबै स्थानीय तहहरुले बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने निर्णय गरेको व्यहोरा विदितै छ।

यसै सन्दर्भमा, हालसम्म बैंकिङ्ग सेवा नपुगेका तीनवटा स्थानीय तहका लागि सामाजिक सुरक्षा भत्ता वितरण गर्न आवश्यक निर्णयका लागि यस विभागबाट गृह मन्त्रालयमा अनुरोध गरी पठाइएकोमा गृह मन्त्रालयको च.नं ३४१ मिति २०७९/१/१९ र च.नं ३४१ मिति २०७९/१/२६ को पत्रानुसार सम्बन्धित सरोकारवाला निकायसँगको समन्वयमा घुम्ती बैंकिङ्ग सेवा वा अन्य कुनै उपर्युक्त विकल्प मार्फत लाभग्राहीको खाता खोली सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत नै वितरण गर्न भनी लेखी आएकोले देहाय अनुसार आवश्यक व्यवस्था गर्नु गराउनु हुन अनुरोध छ।

देहायः

१. तहाँ पालिकामा बैंक शाखाहरु स्थापना नभएसम्मका लागि पायक पर्ने नजिकको पालिकामा भएको बैंकसँग सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २२ बमोजिम बैंक छनौट गरी सोही कार्यविधिको अनुसूची-१० बमोजिम सम्झौता गर्ने।
२. यसरी सम्झौता गरेको बैंकलाई उल्लिखित कार्यविधिको दफा २४ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण (फवार्ड फिड) तयार गरी पठाइ लाभग्राहीको नाममा निजको उपस्थिति विना शून्य मौज्दातमा बचत खाता खोली रकम जम्मा गर्ने।
३. भत्ता विवरणलाई सहज र पहुँचयोग्य बनाउन उल्लिखित कार्यविधिको नियम (२५) बमोजिम सम्झौता भएका बैंक शाखाहरु र वडा कार्यालयसँगको समन्वयमा नब्बे वर्ष भन्दा माथिका जेष्ठ नागरिक, अति अशक्त, अपाङ्गता भएका तथा स्थानीय तह र बैंकले उपर्युक्त ठानेका स्थानका लाभग्राहीहरुलाई थप सेवा दिन घुम्ती बैंकिङ्ग तथा शाखारहित बैंकिङ्ग सेवा मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था गर्ने।

२०७९/०२/११
(मेघ राज शंकर)
शाखा अधिकृत

अवगतार्थः
श्रीमान् सचिवज्यू,
गृह मन्त्रालय, सिंहदरबार काठमाडौं।

बोधार्थः
श्री स्थानीय तह (माथि उल्लिखित वाहेक) सबैः व्यहोरा अवगत गर्नु भई सोही अनुसार आवश्यक समन्वय गर्नुहुन।